भरतपुर महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल
BHARATPUR METROPOLITAN CITY
Office of Municipal Executive
Bharatpur, Chitwan, Bagmati Province, Nepal

प.सं. २०८२/०८३
च.नं. ८९२

मितिः २०८२/०५/१६

श्री वडा कार्यालय सबै(१-२९)
भरतपुर महानगरपालिका

विषयः जग्गा पहिचान गर्ने सम्बन्धमा।

प्रस्तुत विषयमा भरतपुर महानगरपालिका र भूमि समस्या समाधान आयोगबीच भएको कार्य सहमति पत्रको स्थानीय तहको जिम्मेवारी अन्तर्गत **"कुनै जग्गा आवाद कमोत नगरेका वा वितरण गर्न नमिल्ने जग्गामा बसोबास, आवाद कमोत गरेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासिलाई उपलब्ध गराउन सकिने जमिन पहिचान गरी स्थानिय तह मार्फत जिल्ला समितिलाई सिफारीस गर्ने"** व्यवस्था भए बमोजिम तहाँ वडामा रहेका भूमिहिन दलित, भूमिहिन सुकुम्बासि तथा अव्यवस्थित बसोबासी हरुले बसोबास वा आवाद कमोत गरेका जग्गा भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ (ख) र (ग) बमोजिम भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी वितरणका लागि सकारात्मक तथा नकारात्मक एकिन गरि त्यस्ता भूमिहिन दलित, भूमिहिन सुकुम्बासिलाई उपलब्ध गराउन सकिने जमिन पहिचान गरी पठाईदिनुहुन अनुरोध छ।

भूमिसम्बन्धी ऐन, २०२१ को दफा ५२ (ख) र (ग) मा तपशिल अनुसार भूमिहिन दलित, भूमिहिन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी वितरणका लागि सकारात्मक तथा नकारात्मक जग्गा वर्गिकरण गरिएको छ।

उपलब्ध गराउन सकिने प्रकृतिका जग्गाः

१. आवाद लायक वा बसोबास योग्य ऐलानी जग्गा,
२. पर्ती नदी उकास लगायतका बसोबास वा खेती योग्य अन्य सरकारी जग्गा,
३. साविकको वन क्षेत्र जनिएको भएतापनि आवादीमा परिणत भएको जग्गा।

उपलब्ध गराउन नसकिने प्रकृतिका जग्गाः

१. धार्मिक, सांस्कृतिक तथा सामरिक महत्वका क्षेत्रभित्रका जग्गा,
२. प्राकृतिक प्रकोप, विपद् व्यवस्थापन र वातावरणीय संरक्षणको दृष्टिबाट सुरक्षित गर्न आवश्यक देखिएको जग्गा,

प्रमुख प्रशासकीय अधिकृत

# भरतपुर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन, बागमती प्रदेश, नेपाल

**BHARATPUR METROPOLITAN CITY**

**Office of Municipal Executive**

Bharatpur, Chitwan, Bagmati Province, Nepal


३. सार्वजनिक जग्गा,

४. नदी, खोला वा नहर किनाराको जग्गा,

५. जोखिमयुक्त स्थानमा बसोबास गरिएको जग्गा,

६. राष्ट्रिय निकुञ्ज वा संरक्षित क्षेत्रको जग्गा,

७. हाल रूख बिरुवाले ढाकिएको वनको जग्गा,

८. सडक सीमाभित्रका जग्गा,

९. कसैको निजि जग्गा

१०. नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको प्रयोगका लागि आवश्यक रहेको जग्गा,

११. भूउपयोग क्षेत्र वर्गिकरणमा आवास वा कृषिको लागि उपलब्ध गर्न नसकिने जग्गा।

(लक्ष्मी प्रसाद पौडेल)

प्रमुख प्रशासकीय अधिकृत

**प्रमुख प्रशासकीय अधिकृत**

<u>सादर अवगतार्थ</u>

श्रीमान् नगर प्रमुखज्यू, भरतपुर महानगरपालिका।

श्रीमान नगर उपप्रमुखज्यू, भरतपुर महानगरपालिका।

बोधार्थ

श्री भूमि समस्या समाधान आयोग जिल्ला कार्यालय चितवन।